नारायण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
दैलेख
कर्णाली प्रदेश, नेपाल
(प्रशासन शाखा)

फोन नः ०८९४१०१३५

प सं.: २०८२।०८३
चः नं.:

मितिः२०८२।०४।०५

## नारायण नगरपालिकाको हाताभित्र चमेनागृह सञ्चालनको लागि सिलबन्दि दरभाउ पत्र आव्हान सम्बन्धी १५ दिने सूचना

### प्रथम पटक प्रकाशित मितिः २०८२/०४/०५

नारायण नगरपालिकाको कार्यालय, दैलेखको हाताभित्र रहेको चमेना गृहमा कार्यालयका पदाधिकारी, कर्मचारी, विभिन्न साझेदारी संघ-संस्थाहरुको साझेदारीमा नगरपालिकाको हलमा सञ्चालन हुने गोष्ठी तथा तालिममा सहभागी, एवं काम-विशेषले आउने सेवाग्राही स्वयंले भुक्तानी गर्ने गरी तपसिल बमोजिमको शर्तको अधीनमा रही खाजा तथा खाना उपलब्ध गराउने गरी चमेना गृह सञ्चालन गर्नुपर्ने भएको हुँदा इच्छुक फर्मले रु.१०००।- (अक्षरुपी एक हजार मात्र ) दस्तुर दाखिला गरी मिति २०८२/०४/१९ कार्यालय समय भित्रसम्म चमेनागृह सञ्चालन सम्बन्धी प्रस्ताव खरिद गरी संलग्न खाजा/खानाको परिकार र एकाई अनुसारको तोकिएको दररेट भन्दा नबढ्ने गरि दररेट सहितको सिलबन्दी प्रस्ताव मिति २०८२ साउन २० गते दिनको १२ बजेभित्र यस कार्यालयको प्रशासन शाखामा पेश गर्नहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। चमेनागृह सञ्चालन सम्बन्धी थप शर्तहरु तथा जानकारीको लागि कार्यालयको वेबसाइट www.narayanmun.gov.np हेर्न वा कार्यालयको प्रशासन शाखामा सम्पर्क गर्नुहुन समेत जानकारी गराईन्छ।

तपसिल

१. खामबन्दी दररेटसाथ फर्म दर्ता प्रमाणपत्र, सञ्चालकको नागरिकता प्रमाणपत्र, प्यान दर्ता तथा करचुक्ताको प्रमाणपत्र संलग्न गर्नुपर्नेछ। सिलबन्दी खामको बाहिर प्रस्तावदाताको नाम थर, ठेगाना र सम्पर्क नम्बर स्पष्ट उल्लेख गर्नु पर्नेछ। सिलबन्दी प्रस्ताव मिति २०८२ साउन २० गते दिनको २ बजे खोलिनेछ। प्रस्तावदाता वा निजको प्रतिनिधिको उपस्थिति नभए पनि प्रस्ताव फारम खोल्न बाधा पर्नेछैन।

२. सिलवन्दी दरभाउ पत्र पेश गर्दा सिलवन्दी सहित रु. ५०,०००।- (अक्षरुपी पचास हजार रुपैयाँ मात्र ) नगद धरौटी वा सो बराबरको वाणिज्य बैंकबाट जारी बैंक जमानत राख्नुपर्नेछ।

३. दरभाउ पत्र पेश गर्दा खाद्य परिकारको दररेट पेश गर्दा अंक र अक्षर दुबैमा स्पष्ट रुपमा उल्लेख गर्नुपर्ने। यदि अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।

४. चमेनागृह सञ्चालनको अवधि सम्झौता मितिले एक वर्षको हुनेछ। कार्यालयलाई आवश्यक भएमा र चमेनागृह सञ्चालकको सेवा सन्तोषजनक भएमा आवश्यकता अनुसार चमेना गृह सञ्चालनको अवधि थप समेत गर्न सक्नेछ।

प्रमुख प्रशासकीय अधिकृत

नारायण नगरपालिका
फोन नः ०८९४१०१३५
नगर कार्यपालिकाको कार्यालय
दैलेख
कर्णाली प्रदेश, नेपाल
(प्रशासन शाखा)

५. चमेना गृह सञ्चालकले विद्युत तथा पानी खपत गरे वापत महशुल सञ्चालक स्वयंले व्यहोर्नु पर्नेछ ।

६. चमेनागृह सामान्यतया विहान ८:०० बजे देखि साँझ ६:०० बजेसम्म मात्र सञ्चालन गर्नपर्नेछ। कार्यालयको आवश्यकता तथा आग्रह अनुसार सार्वजनिक बिदाको दिनमा र अन्य समयमा समेत चमेनागृह सञ्चालन गर्नुपर्नेछ ।

७. चमेनागृहबाट उपलब्ध गराउने खाना /खाजाको परिकार, एकाइ र मूल्यसूची सम्झौतामा संलग्न फाराममा उल्लेख भए बमोजिम हुने र सो बाहेक आवश्यकता अनुसार कार्यालयको स्वीकृति दररेट सहितको मूल्य सूची सबैले देख्न सक्ने स्थानमा अनिवार्य रुपमा राख्नुपर्नेछ ।
८. चमेनागृह सञ्चालक र आवश्यक सहयोगी कर्मचारीहरुको लागि प्रवेश-पास नियमानुसार कार्यालयले उपलब्ध गराउनेछ ।

९.यो सूचना र दररेट फारम कार्यालको वेबसाइट www.narayanmun.gov.np बाट डाउनलोड गरी प्रस्तावसाथ कार्यालयको प्रशासन शाखामा दर्ता गराउनुपर्नेछ ।

१०. चमेनागृहबाट उपलब्ध गराउने खाद्य परिकारको परिमाण, गुणस्तर एवं चमेनागृह र वरपरको सरसफाई स्थितिका बारेमा निरन्तर अनुगमन र परिक्षण हुने तथा तोकिएको मापदण्ड अनुरुप सेवा प्रवाह सन्तोषजनक भएको नपाइएमा कार्यालयको निर्णयबाट जुनसुकै बखत सम्झौता रद्ध गर्न सकिनेछ ।

११. चमेना गृह सञ्चालनको लागि सञ्चालकले यस कार्यालयले तोकेबमोजिमको भाडा शुल्क कार्यालयलाई उपलब्ध गराउनुपर्नेछ। साथै सम्झौता गर्दाका बखत छ महिनाको अर्धबार्षिक रुपमा आउने भाडा शुल्क अग्रीम रुपमा कार्यालयको रा.बा. बैक शाखा दैलेखको खाता नं ४०१०१००३०१०१०००२ रकम जम्मा गरि सक्कलै भौचर पेश गर्नुपर्नेछ ।

१२. नेपाल सरकार कृषि मन्त्रालयबाट जारी भएको "खाद्य स्वच्छताको आधारमा होटल स्तरीकरण गर्ने सम्बन्धी निर्देशिका, २०७४ " को व्यवस्था अनुरुप चमेनागृह सञ्चालन हुनुपर्नेछ। चमेनागृह सञ्चालन गर्दा सिर्जना हुने फोहोरजन्य पदार्थको सुरक्षित तरिकाले सञ्चालकले व्यवस्थापन गर्नुपर्नेछ ।

१३. अन्य कुरा सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

१४. थप जानकारीको लागि प्रशासन शाखामा सम्पर्क गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

नारायण नगरपालिका कार्यालय दैलेखको हाताभित्र चमेना गृह सञ्चालन गर्नको लागि आवश्यक खाद्य परिकारहरुको दररेट पेश गर्नका लागि तयार गरिएको दरभाउपत्र फारम

| क.सं. | परिकार | एकाई | कार्यालयको दररेट/ रु. | प्रस्तावकले पेश गर्ने दररेट | |
|---|---|---|---|---|---|
| | | | | अंकमा | अक्षरमा |
| १ | म:म (भेज) | प्रति प्लेट (१० पिस) | ८८ | | |
| २ | म:म (पनिर) | प्रति प्लेट (१० पिस) | १३४ | | |
| ३ | म:म (चिकेन) | प्रति प्लेट (१० पिस) | १२४ | | |
| ४ | म:म (मटन) | प्रति प्लेट (१० पिस) | १५८ | | |
| ५ | चाउमिन (भेज | प्रति प्लेट | ८० | | |
| ६ | चाउमिन (अण्डा) | प्रति प्लेट | १०४ | | |
| ७ | चाउमिन (चिकेन) | प्रति प्लेट | १४८ | | |
| ८ | चाउमिन (मटन) | प्रति प्लेट | २०२ | | |
| ९ | रोटी (गँहु) | प्रति पिस | १५ | | |
| १० | रोटी (कोदो) | प्रति पिस | १६ | | |
| ११ | रोटी (मकै) | प्रति पिस | १७ | | |
| १२ | भेज खाजा सेट ( चिउरा, भटमास, अचार, आलु, चना) | प्रति सेट | १०० | | |
| १३ | चिकेन खाजा सेट ( चिउरा, भटमास, अचार, आलु, चना, चिकेन) | प्रति सेट | १८२ | | |
| १४ | मटन खाजा सेट ( चिउरा, भटमास, अचार, आलु, चना, मटन) | प्रति सेट | १९८ | | |
| १५ | खीर | प्रति प्लेट | ९० | | |
| १६ | चाउचाउ फ्राई | प्रति प्लेट | ६८ | | |
| १७ | चाउचाउ सुप | प्रति कचौरा | ५१ | | |
| १८ | सेलरोटी | प्रति पिस | १७ | | |
| १९ | जेरी | प्रति पिस | १४ | | |
| २० | पुरी | प्रति पिस | ९ | | |
| २१ | समोसा | प्रति पिस | १६ | | |
| २२ | आलु चप | प्रति पिस | १२ | | |
| २३ | पकौडा | प्रति पिस | ५ | | |

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| २४ | खाना भेज ( भात, दाल, तरकारी, साग, अचार) | प्रति सेट | १७९ | | |
| २५ | खाना चिकेन ( भात, दाल, तरकारी, साग, अचार, चिकेन) | प्रति सेट | ३१० | | |
| २६ | खाना मटन ( भात, दाल, तरकारी, साग, अचार, मटन) | प्रति सेट | ३५० | | |
| २७ | खाना माछा ( भात, दाल, तरकारी, साग, अचार, माछा) | प्रति सेट | ३७० | | |
| २८ | उसिनेको मकै | प्रति पिस | १६ | | |
| २९ | मिक्स फलफूल सिजनल ( कम्तीमा ४ प्रकार) | प्रति प्लेट | ११० | | |
| ३० | जाम ब्रेड | दुई पिस | २७ | | |
| ३१ | लसी (काजु, बदाम, केरा सहित) | प्रति गिलास | ११० | | |
| ३२ | दहि | प्रति कप | ३० | | |
| ३३ | दुध | प्रति कप | २५ | | |
| ३४ | कालो चिया | प्रति कप | १४ | | |
| ३५ | लेमन टि | प्रति कप | १७ | | |
| ३६ | दुध चिया | प्रति कप | २० | | |
| ३७ | दुध कफी | प्रति कप | ५० | | |
| ३८ | कालो कफी | प्रति कप | ३५ | | |
| ३९ | सलाद | प्रति प्लेट | ९४ | | |
| ४० | भेजिटेबल सुप | प्रति कचौरा | ६३ | | |
| ४१ | मसरुम सुप | प्रति कचौरा | ८४ | | |
| ४२ | उसिनेको अण्डा | प्रति पिस | २५ | | |
| ४३ | अमलेट | प्रति पिस | ३० | | |
| ४४ | झोल तरकारी/छोला | प्रति प्लेट | २३ | | |
| ४५ | खसीको भुटन | प्रति प्लेट | १२४ | | |
| ४६ | जुस | प्रति गिलास | ७० | | |
| ४७ | चिसो | प्रति गिलास | ५० | | |
| ४८ | मिनेरल वाटर १ लि. | प्रति बोत्तल | २५ | | |

नारायण नगरपालिका नगर कार्यपालिकाको कार्यालय दैलेख कर्णाली प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत